United Nations
Educational, Scientific and
Cultural Organization

Organisation
des Nations Unies
pour l'éducation,
la science et la culture

Organización
de las Naciones Unidas
para la Educación,
la Ciencia y la Cultura

Организация
Объединенных Наций по
вопросам образования,
науки и культуры

منظمة الأمم المتحدة
للتربية والعلم والثقافة

联合国教育、
科学及文化组织

# विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा
# युनेस्कोका महानिर्देशक श्री कोइचिरो मात्सूराको सन्देश

## ३ मई २००७

विश्व प्रेस स्वतन्त्रता दिवस मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १९ मा उल्लेखित अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी आधारभूत मानव अधिकार संरक्षणको महत्वबारे विश्वलाई पुनःस्मरण गराउने एक अवसरका रूपमा रहेको छ । सञ्चारकर्मीहरूविरुद्ध हिजोआज भइरहेका हिंसा अभिव्यक्ति स्वतन्त्रताका लागि सबैभन्दा ठूलो खतराका रूपमा रहेको तथ्यलाई ध्यानमा राखेर मैले विश्व प्रेस स्वतन्त्रता दिवस - २००७ लाई पत्रकारहरूको सुरक्षा विषयमा समर्पित गर्ने निर्णय गरेको छु ।

गएको दशकमा पत्रकारहरू, सञ्चारकर्मीहरू तथा सम्बन्धित कर्मचारीहरूविरुद्धको हिंसात्मक गतिविधि नाटकीय रूपमा वृद्धि भएको हामीले देखेका छौं । विश्वका कैयौं राष्ट्रहरूमा सञ्चारकर्मीहरूलाई निरुत्साहित गरिएका छन्, आक्रमण गरिएका छन्, बन्दी बनाइएका छन् र हत्यासमेत गरिएका छन् । पेशागत सङ्गठनहरूका अनुसार १५० जनाभन्दा बढी सञ्चारकर्मीहरूको हत्या भएको वर्ष सन् २००६ मा इतिहासकै सबैभन्दा रक्तपातपूर्ण वर्षका रूपमा अङ्कित हुन पुगेको छ । थप सयौं सञ्चारकर्मीहरूलाई उनीहरूको कामका कारण गिरफ्तार गरिएको छ, धम्क्याइएको छ वा आक्रमण गरिएको छ । पत्रकार हुनु यति विध्न खतरनाक कहिल्यै भएको थिएन ।

द्वन्द्वग्रस्त क्षेत्र तथा द्वन्द्वपछिका क्षेत्रहरू विशेषगरी पत्रकारहरूका लागि जोखिमपूर्ण वातावरणका रूपमा रहेका हुन्छन् भन्ने कुरा हामीलाई थाहा छ । सबैभन्दा निकृष्ट उदाहरणका रूपमा इराकलाई लिन सकिन्छ, जहाँ गत वर्ष ६९ जना सञ्चारकर्मीहरूको हत्या भएको थियो । उक्त राष्ट्रमा सन् २००३ को अप्रिलमा द्वन्द्व थालिएयता १७० जनाभन्दा बढी सञ्चार व्यवसायीहरू मारिएका छन् र तीमध्ये अधिकांश स्थानीय पत्रकारहरू रहेका छन् । इतिहासमा कहिल्यै पनि यति ठूलो परिमाणमा पत्रकारहरूको हत्या भएको थिएन ।

DG/ME/ID/2007/07

स्वतन्त्र तथा भरपर्दो जानकारी उपलब्ध गराउनका लागि आफ्नो जीवनलाई जोखिममा पार्ने उनीहरू हामीबाट प्रशंसा, सम्मान र सहयोग पाउने हक राख्दछन् । जवाफदेहिता, पुनःनिर्माण तथा मेलमिलापसम्बन्धी प्रक्रियामा सञ्चारले महत्वपूर्ण रूपमा योगदान पुऱ्याउँदछ भन्ने कुरा उनीहरूले भन्दा राम्ररी कसैले बुझ्दैनन् । वास्तवमै, पत्रकारहरूविरुद्धको हिंसामा भएको वृद्धिले आधुनिक प्रजातन्त्रमा सञ्चारको महत्वसम्बन्धी दुःखलाग्दो वर्णन प्रस्तुत गरिरहेको छ ।

पत्रकारहरूको सुरक्षासम्बन्धी मुद्दा हामी सबैलाई प्रभावित गर्ने मुद्दा हो । पत्रकारहरूविरुद्धको प्रत्येक अचाक्ली हाम्रा सर्वाधिक आधारभूत स्वतन्त्रताहरूमाथिको आक्रमण हो । प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग आधारभूत सुरक्षाको अभावमा गर्न सकिँदैन ।

त्यसैले विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा पत्रकारहरूको सुरक्षा सुनिश्चित पार्नका लागि हाम्रा प्रयासहरूलाई सुदृढ गर्ने प्रतिज्ञा हामी सबैले गर्नैपर्छ । विशेषगरी, म पत्रकारहरूविरुद्धका हिंसालाई घेरिरहेको दण्डहीनताको व्यापक चलन अन्त्य गर्न सम्पूर्ण सरकारहरू तथा सरकारी निकायहरूलाई आह्वान गर्दछु । सञ्चारकर्मीहरूविरुद्धका अपराधहरूमाथि छानबिन हुनेछ र तिनीहरूलाई दण्डित गरिनेछ भन्ने कुरा सुनिश्चित गर्ने उत्तरदायित्व सरकारहरूले पूर्ण रूपमा पूरा गर्नैपर्छ ।

प्रेस स्वतन्त्रताको रक्षा गर्ने दिशामा भएका प्रगतिलाई आत्मसात् गर्ने अवसर पनि हो आजको दिन । द्वन्द्वको अवस्थामा पत्रकारहरूमाथि भएका आक्रमणहरूप्रति भर्त्सना गरिएको संयुक्त राष्ट्रसङ्घको हालैको प्रस्तावलाई युनेस्को स्वागत गर्दछ । उक्त प्रस्ताव दण्डहीनताविरुद्धको अभियान तथा सञ्चारकर्मीहरूको स्वतन्त्रता तथा अधिकार संरक्षणप्रति प्रतिबद्धहरूका लागि विजयको प्रतीकका रूपमा आएको छ । हामीले यो क्षणलाई सञ्चार क्षेत्रमा सुरक्षाको संस्कृति निर्माणका लागि उपयोग गर्नुपर्दछ ।

विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने क्रममा हामीले दिगो शान्ति, प्रजातन्त्र र विकास प्रवर्द्धन गर्नमा सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिकालागि सम्मान गर्ने मान्यतालाई विस्तार गर्ने मार्गहरू प्रतिविम्बित गरौँ । आफ्नो प्राण आहुति गर्ने सञ्चारकर्मीहरूलाई स्मरण गरौँ र खतरा र जोखिम सामना गरेरै भए पनि हाम्रो लागि जानकारीहरू उपलब्ध गराउनेहरूप्रति सम्मान गरौँ । उत्कर्षमा भन्ने हो भने पत्रकारहरूका लागि सुरक्षाको प्राप्ति तथा हाम्रा आफ्नै स्वतन्त्रताहरूको अनुभूतिबीचको निकटतम सम्बन्धलाई स्वीकारौँ । विश्वको सुसूचित नागरिकका रूपमा भूमिका निर्वाह गर्ने हाम्रो क्षमता स्वतन्त्र र सुरक्षित रूपमा काम गर्नसक्ने सञ्चारमै निर्भर रहन्छ ।

कोइचिरो मात्सूरा